मिति २०८२/११/१३ मा बसेको सचिव बैठकका निर्णयहरु:

१. यस अघिका सचिव बैठकका निर्णयहरु कार्यान्वयनको अवस्थालाई दृष्टिगत गरी सबै मन्त्रालय/निकायहरूले उच्च प्राथमिकताका साथ शीघ्रतापूर्वक निर्णय कार्यान्वयन गर्ने गराउने।

२. आगामी आर्थिक वर्ष २०८३/८४ को प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम निर्माणको लागि पूर्व तयारी गर्ने सन्दर्भमा सुदूरपश्चिम प्रदेशको दोश्रो पञ्चवर्षिय योजनाको अवधारणापत्रलाई समेत आधार मानी सबै विषयगत मन्त्रालयहरू, सचिवालय र आयोगहरूले सम्बन्धित क्षेत्रगत नीति तथा कार्यक्रममा समेट्न सकिने सम्भावित मुख्य मुख्य बुँदाहरू तयार गरी २०८२ चैत्र मसान्तसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।

३. जनशक्ति अभावका कारणले कार्यालयको सेवा प्रवाह प्रभावित नहुने गरी कर्मचारीहरूको फिल्डकाज, भ्रमण, पर्यटन विदा आदिलाई थप व्यवस्थित बनाउन सम्बन्धित सचिव वा प्रमुखले विशेष ध्यान दिने। साथै वि.सं.२०८२ फागुन २१ गते प्रतिनिधि सभा सदस्यको लागि हुन गइरहेको निर्वाचनका लागि निर्वाचन आयोग वा निर्वाचन अधिकृतको कार्यालयबाट खटाइएका मन्त्रालय/निकायमा कार्यरत कर्मचारीहरूको खटनपटन कार्यमा आवश्यक सहजीकरण गर्ने, गराउने।

४. सूचना प्रविधि विभागबाट सञ्चालनमा ल्याइएको केन्द्रिकृत विद्युतीय हाजिरी प्रणालीको उपयोग गरी सबै मन्त्रालय र निकायहरूले अनिवार्य रूपमा कर्मचारीहरूको ई-हाजिरीको व्यवस्था मिलाउने।

५. मन्त्रालय/निकायहरूबाट हुने केही संवेदनशील र गम्भीर प्रकृतिका निर्णयहरूको निर्णय हुनुपूर्व नै सूचना चुहावट भई आवश्यक गोपनियता भंग हुन गई त्यसले निर्णय निर्माण प्रक्रिया एवं कार्यान्वयमा समेत असहजता सृजना भएको भन्ने गुनासो प्राप्त भैरहेको सन्दर्भमा निर्णय प्रक्रियामा संलग्न कर्मचारीहरूलाई थप जिम्मेवार हुने व्यवस्था मिलाउने।

६. संवत् २०८३ को लागि प्रदेश सरकारबाट तोकिने सार्वजनिक विदा समेत समेटिने गरी नयाँ वर्षको क्यालेण्डर प्रकाशन गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयले आवश्यक कार्य गर्ने।

७. प्रदेशमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरूले प्रयोग गर्ने सवारी साधनको उपयोगलाई थप वस्तुनिष्ठ, पारदर्शी, सुनिश्चित, मितव्ययी र उत्तरदायी बनाउनका साथै एकरूपता कायम हुने गरी प्रदेशस्तरमा सवारी साधनको मापदण्ड निर्माण गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गरी आर्थिक मामिला मन्त्रालयले आवश्यक कार्य गर्ने।

८. महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा दिइएका सुझावहरूलाई सबै मन्त्रालय/निकायहरूले प्राथमिकताका साथ कार्यान्वयन गर्ने गराउने। साथै मन्त्रालय/निकाय/कार्यालयहरूले बेरूजु फछ्र्यौट सम्बन्धी कार्यलाई उच्च प्राथमिकतामा राखी उच्चतम प्रगती हासिल हुने व्यवस्था मिलाउने ।

वैकुण्ठ प्रसाद अर्याल
प्रमुख सचिव